# सूर्योदय नगरपालिकाको नगर प्रहरी (दोस्रो संशोधन) ऐन, २०८२

नगर सभाबाट स्वीकृत मिति: २०८२।१२।२३

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको स्वास्थ्य ऐन, २०७६ मा भएका केही व्यवस्थाहरू समयसापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर सभाले यो ऐन बनाइ लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम "सूर्योदय नगरपालिकाको नगर प्रहरी (प्रथम संशोधन) ऐन, २०८२" हुनेछ।

(२) यो ऐन नगर सभाबाट पारित भई प्रमाणित भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) "मूल ऐन" भन्नाले "सूर्योदय नगरपालिकाको नगर प्रहरी ऐन, २०७६" लाई जनाउनेछ।

३. **मूल ऐनको दफा ४ मा संशोधन:** मूल ऐनको उपदफा (१) को सट्टा देहाय बमोजिमको उपदफा (१) राखिएको छ।

**देहाय:**

"(१) नगरपालिकामा रहने नगर प्रहरीको दरबन्दीको सिर्जना संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा नगर कार्यपालिकाको सिफारिसमा नगर सभाको निर्णय बमोजिम हुनेछ।"

(२) उपदफा (२) को सट्टा देहाय बमोजिमको उपदफा (२) राखिएको छ।

**देहाय:**

"(२) नगर प्रहरी सेवामा देहाय बमोजिमका पदहरू रहनेछन्:

(क) नगर प्रहरी निरीक्षक

(ख) नगर प्रहरी नायब निरीक्षक

(ग) नगर प्रहरी सहायक निरीक्षक

(घ) नगर प्रहरी हवल्दार

(ङ) नगर प्रहरी जवान

(च) दमकल चालक (प्राविधिक)"

(३) मूल ऐनको दफा ४ मा उपदफा (३) थप गरिएको छ।

"(३) यो ऐन प्रारम्भ हुनु अघि नगर कार्यपालिकामा कार्यरत नगर प्रहरीहरूलाई नगर कार्यपालिकाले यसै ऐन बमोजिमको पदमा समायोजन गर्नुपर्नेछ। त्यसरी समायोजन गर्दा उनीहरूको योग्यता, साविकको सेवा अवधि र श्रेणीलाई आधार मानिनेछ।"

४. **मूल ऐनको दफा ६ मा संशोधन:** मूल ऐनको दफा ६ खारेज गरिएको छ।

५. **मूल ऐनको दफा ७ मा संशोधन:** मूल ऐनको दफा ७ खारेज गरिएको छ।

६. **मूल ऐनको दफा ८ मा संशोधन:** मूल ऐनको दफा ८ को सट्टा देहाय बमोजिमको दफा ८ राखिएको छ।

**देहाय:**

**"८. नगर प्रहरी नियुक्ति तथा पदपूर्ति समिति**: (१) नगर प्रहरीको नियुक्ति गर्नका लागि सिफारिस गर्न देहाय बमोजिमको एक पदपूर्ति समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख)नगरभित्र रहेको नेपाल प्रहरी वा सशस्त्र प्रहरी बलको प्रमुख
वा निजको प्रतिनिधि -सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख वा नगरपालिकाले तोकेको चिकित्सक -सदस्य

(घ) प्रशासन शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम नगर प्रहरी नियुक्ति गर्दा खुला प्रतियोगिताद्वारा गरिनेछ।

(३) उपदफा (२) बमोजिम खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा प्रचलित कानुन बमोजिम समावेशी प्रतिशतको निर्धारण गरी गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम छुट्याइएका पदको लागि दरखास्त पेस गर्दा उम्मेदवारले तोकिए बमोजिमका आवश्यक शैक्षिक, स्वास्थ्य तथा व्यक्तिगत प्रमाणहरू संलग्न गर्नु पर्नेछ।"

७. **मूल ऐनको दफा ९ मा संशोधन:** मूल ऐनको दफा ९ को सट्टा देहाय बमोजिमको दफा ९ राखिएको छ।

**देहाय**

**"९. उम्मेदवारको योग्यता**ः (१) नगर प्रहरी पदका लागि उम्मेदवार हुन देहाय बमोजिमको न्यूनतम योग्यता पूरा गरेको हुनु पर्नेछ:

(क) **उमेरको हकमा:** नगर प्रहरी जवान र दमकल चालक पदका लागि १८ वर्ष पूरा भई ३० वर्ष ननाघेको तथा नगर प्रहरी निरीक्षक, नायब निरीक्षक र सहायक निरीक्षक पदका लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको।

(ख) **शैक्षिक योग्यता:** नगर प्रहरी निरीक्षक पदको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह, नगर प्रहरी नायब निरीक्षक र सहायक निरीक्षक पदको हकमा मान्यता प्राप्त संस्थाबाट प्रमाणपत्र तह (१०+२) वा सो सरह उत्तीर्ण र अन्य पदको हकमा एस.ई.ई. (S.E.E.) वा सो सरह उत्तीर्ण गरेको।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको।

(ङ) प्रचलित कानुन बमोजिम शारीरिक रूपमा तन्दुरुस्त रहेको तथा तोकिए बमोजिमको उचाइ, तौल र छातीको मापदण्ड पूरा गरेको।

(च) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

(छ) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको।

(२) उपदफा (१म) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि पूर्व सुरक्षाकर्मीको हकमा उमेरको हद ४५ वर्ष ननाघेको हुनु पर्नेछ।"

८. **मूल ऐनको दफा १० मा संशोधन:** मूल ऐनको दफा  १० को उपदफा (१) को खण्ड (घ) को सट्टा देहाय बमोजिमको खण्ड (घ) राखिएको छ।

**देहाय:**

"(घ) प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा सञ्चालन गरी लिखित परीक्षाको लागि योग्य उम्मेदवारहरूको सङ्ख्या निर्धारण तथा नतिजा प्रकाशन गर्ने।"

(२) मूल ऐनको दफा १० को उपदफा (१) को खण्ड (घ) पछि देहाय बमोजिमको खण्ड (ङ) थप गरिएको छ।

**देहाय:**

"(ङ) लिखित परीक्षा र अन्तर्वार्ता सञ्चालन गर्ने वा गराउने, अन्तिम नतिजा प्रकाशन गर्ने र नियुक्तिका लागि सिफारिस गर्ने।"

९. **मूल ऐनको दफा १२ मा संशोधन:** मूल ऐनको दफा १२ को सट्टा देहाय बमोजिमको दफा १२ राखिएको छ।

**देहाय:**

**"१२. करार अवधि र नवीकरणः** (१) नगर प्रहरी कर्मचारीको नियुक्ति सुरुमा बढीमा एक वर्षको लागि करारमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको कार्यसम्पादन सन्तोष जनक भएमा नगरपालिकाले प्रत्येक वर्ष करार अवधि नवीकरण गर्न सक्नेछ।

(३) कार्यसम्पादन सन्तोष जनक नभएमा वा आचरण विपरीत काम गरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले जुनसुकै बखत करार सम्झौता अन्त्य गर्न सक्नेछ।"

१०. **मूल ऐनको दफा १३ मा संशोधन:** मूल ऐनको दफा १३ को उपदफा (३) को सट्टा देहाय बमोजिमको उपदफा (३) राखिएको छ।

**देहाय:**

"(३) नगर प्रहरीले देहाय बमोजिमका बिदा पाउनेछन् :

(क) घर बिदा

(ख)प्रसूति बिदा

(ग) सुत्केरी स्याहार बिदा

(घ) किरिया बिदा

(ङ) सट्टा बिदा"

११. **मूल ऐनको दफा १४ मा संशोधन:** मूल ऐनको दफा १४ को सट्टा देहाय बमोजिमको दफा १४ राखिएको छ।

**देहाय:**

**"१४. पूर्व स्वीकृति विना बिदामा बस्न नपाइनेः** (१) नगर प्रहरी कर्मचारीले बिदा दिने अधिकारीबाट पूर्व स्वीकृति गराएर मात्र बिदामा बस्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अचानक बिरामी परेमा वा कुनै आपतकालिन (भवितव्य) अवस्था आइपरेमा यथाशक्य छिटो कार्यालयमा जानकारी गराई पछिबाट बिदा स्वीकृत गराउन बाधा पर्ने छैन।"

१२. **मूल ऐनको दफा १५ मा संशोधन:** मूल ऐनको दफा १५ को सट्टा देहाय बमोजिमको दफा १५ राखिएको छ।

**देहाय:**

"१५. **घर बिदाः** (१) नगर प्रहरी कर्मचारीले प्रत्येक वर्ष १२ दिन घर बिदा सञ्चित नहुने गरी पाउनेछन्।

(२) घर बिदा बसेका नगर प्रहरी कर्मचारीहरूले पूरा तलब र भत्ता पाउनेछन्।"

१३. **मूल ऐनको दफा १६ मा संशोधन:** मूल ऐनको दफा १६ को उपदफा (१) को सट्टा देहाय बमोजिमको उपदफा (१) राखिएको छ।

**देहाय:**

"(१) नगर प्रहरी कर्मचारीले आफैँ किरियामा बस्नु परेमा कुल, धर्म र परम्परागत संस्कार अनुसार बढीमा १५ दिन किरिया बिदा पाउनेछ।"

**१४. मूल ऐनको दफा १८ मा संशोधन:** मूल ऐनको दफा १८ को सट्टा देहाय बमोजिमको दफा १८ राखिएको छ।

**देहाय:**

"**१८. सुत्केरी स्याहार बिदा**ः (१) पुरुष नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा सुत्केरीको अघि वा पछि गरी १५ दिन सुत्केरी स्याहार बिदा पाउनेछ।

(२) यस्तो बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ र बिदा बस्ने कर्मचारीले पूरा तलब र भत्ता पाउनेछ।"

**१५. मूल ऐनको दफा २३ मा संशोधन:** मूल ऐनको दफा २३ को सट्टा देहाय बमोजिमको दफा २३ राखिएको छ।

**देहाय:**

"**२३. पोसाक र दर्ज्यानी चिन्ह**ः (१) नगर प्रहरीले प्रयोग गर्ने दर्ज्यानी चिन्ह र सोको बाँडफाँट सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) नगर प्रहरीको पोसाकको रङ, किसिम, कपडाको गुणस्तर र अन्य प्राविधिक विवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(३) नगर प्रहरी कर्मचारीलाई पोसाक खरिद वा सिलाइको लागि आवश्यक पर्ने पोसाक भत्ता कार्यालयले तोके बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिमको भत्ता वर्षको एक पटक उपलब्ध गराइनेछ।

(५) नयाँ नियुक्ति हुने नगर प्रहरी कर्मचारीको हकमा नियुक्ति भएको बखत एकमुष्ट पोसाक भत्ता वा पोसाक उपलब्ध गराइनेछ।"

**१६. मूल ऐनको दफा २५ मा संशोधन:** मूल ऐनको दफा २५ को सट्टा देहाय बमोजिमको दफा २५ राखिएको छ।

**देहाय:**

"**२५. सजायको वर्गीकरण:** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछ:

(क) नसिहत दिने।

(ख) कार्य सम्पादन चित्तबुझ्दो नभएमा वा आचरण विपरीत काम गरेमा करार सम्झौताको सर्त बमोजिम पारिश्रमिक कट्टी गर्ने।

(ग) करार सम्झौता रद्द गरी सेवाबाट हटाउने।

(घ) गम्भीर अपराध वा नैतिक पतन देखिने फौजदारी कसुर गरेमा भविष्यमा स्थानीय तहको सेवाका लागि अयोग्य ठहरिने गरी करार रद्द गर्ने।"

**१७. मूल ऐनको दफा २७ मा संशोधन:** मूल ऐनको दफा २७ को सट्टा देहाय बमोजिमको दफा २७ राखिएको छ।

**देहाय:**

**"२७. सेवाबाट हटाउने वा बर्खास्त गर्ने**: नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको कसुर गरेमा निजलाई सेवाबाट हटाउन वा बर्खास्त गर्न सकिनेछ:

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेमा।

(ख) राजनीतिमा भाग लिएमा वा राजनीतिक दलको सदस्यता लिएमा।

(ग) बारम्बार अनुशासनहीन काम गरेमा।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार प्रमाणित भएमा।

(ङ) कार्यालय समयमा मादक पदार्थ वा लागु औषध सेवन गरेमा।

(च) प्रचलित कानुन बमोजिम भ्रष्टाचार जन्य कसुर गरेमा।

(छ) पदीय जिम्मेवारी अनुसारको आचरण नगरेमा।

(ज) आचरण सम्बन्धी नियमहरू पटक-पटक उल्लङ्घन गरेमा।"

१८. **मूल ऐनको दफा २८ मा संशोधन:** मूल ऐनको दफा २८ को सट्टा देहाय बमोजिमको दफा २८ राखिएको छ।

**देहाय:**

**"२८. सजाय सम्बन्धी कार्यविधि**: (१) नगर प्रहरी कर्मचारीलाई विभागीय सजायको आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारबाही गर्न लागिएको विषय र सजाय स्पष्ट खुलाई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ। त्यस्तो सफाइ पेस गर्न आदेश दिँदा लगाइएका आरोप स्पष्ट रूपले खुलाइएको हुनु पर्नेछ र सम्बन्धित कर्मचारीले तोकिएको म्यादभित्र आफ्नो सफाइ र स्पष्टीकरण पेस गर्नु पर्नेछ। तर, भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस ऐन बमोजिमको रीत पुऱ्याउनु पर्ने छैन।

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा जानकारीसम्म दिनु पर्नेछ।

(४) सफाइ पेस गर्ने मौका दिन मनासिब नपर्ने विशेष अवस्था भएमा सो कुराको पर्चा खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाइ पेस गर्ने मौका नदिई कारबाही गर्न सकिनेछ।

(५) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ। जाँचबुझ गर्ने अधिकारीले आवश्यकताअनुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसमेत बुझी, कारणसहित आफ्नो ठहरको प्रतिवेदन र सबुद प्रमाण पेस गर्नु पर्नेछ।

(६) कुनै फौजदारी अभियोगमा पक्राउ परी थुनामा रहेको नगर प्रहरी कर्मचारी थुनामा रहेको अवधिभर स्वतः निलम्बित भएको मानिनेछ।"

१९. **मूल ऐनको दफा २९ मा संशोधन:** मूल ऐनको दफा २९ को सट्टा देहाय बमोजिमको दफा २९ राखिएको छ।

**देहाय:**

**" २९. सजायको आदेश दिने**: जाँचबुझको काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई स्पष्टीकरण माग गरिएकोमा तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा दिएको स्पष्टीकरण सन्तोष जनक

नभएमा सजाय गर्ने अधिकारीले सजायको आदेश दिन सक्नेछ र सो आदेशको एक प्रति निजलाई दिनु पर्नेछ।"

२०. **मूल ऐनको दफा ३० मा संशोधन:** मूल ऐनको दफा ३० को सट्टा देहाय बमोजिमको दफा ३० राखिएको छ।

**देहाय:**

"**३०. पुनरावेदन**ः (१) यस परिच्छेद बमोजिम दिइएको सजायको आदेश उपर चित्त नबुझ्ने नगर प्रहरी कर्मचारीले त्यस्तो आदेश पाएको मितिले ३५ दिनभित्र नगर कार्यपालिका समक्ष पुनरावेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको पुनरावेदन उपर नगर कार्यपालिकाले आवश्यक जाँचबुझ गरी अन्तिम निर्णय गर्नेछ।"

२१. **मूल ऐनको दफा ३१ मा संशोधन:** मूल ऐनको दफा ३१ को सट्टा देहाय बमोजिमको दफा ३१ राखिएको छ।

**देहाय:**

"**३१. असल नियतले गरेको कामको बचाउ**ः यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधि बमोजिम आफ्नो पदीय कर्तव्य पालनाको सिलसिलामा असल नियतले गरेको कुनै काम कारबाहीका सम्बन्धमा कुनै पनि नगर प्रहरी कर्मचारी उपर व्यक्तिगत रूपमा कुनै मुद्दा वा कानुनी कारबाही चलाइने छैन।"

२२. **मूल ऐनको दफा ३२ मा संशोधन:** मूल ऐनको दफा ३२ को सट्टा देहाय बमोजिमको दफा ३२ राखिएको छ।

**देहाय:**

"**३२. तलब , भत्ता र बीमा सम्बन्धी व्यवस्था:** (१) नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिदेखि तलब तथा भत्ता पाउनेछ।

(२) उपदफा (१) बमोजिमको तलब तथा भत्ता कार्यालयले तोके बमोजिम हुनेछ।

(३) प्रत्येक नगर प्रहरीले खाइपाइ आएको एक महिनाको पारिश्रमिक बराबरको चाडपर्व खर्च पाउनेछ।

(४) नगर प्रहरीले विपद् व्यवस्थापन, अतिक्रमण नियन्त्रण जस्ता जोखिमपूर्ण कार्य गर्नुपर्ने अवस्थालाई विचार गरी कार्यालयले तोके बमोजिमको जोखिम भत्ता उपलब्ध गराउन सकिनेछ।

(५) नगर प्रहरी कर्मचारीहरूको कार्य प्रकृति र कर्तव्य पालनाको सिलसिलामा हुन सक्ने जोखिमलाई मध्यनजर गरी नगरपालिकाले सबै नगर प्रहरी कर्मचारीहरूको अनिवार्य रूपमा सामूहिक दुर्घटना तथा स्वास्थ्य बिमा गरिदिनु पर्नेछ।

(६) बिमा बापतको प्रिमियम (किस्ता) रकम नगरपालिकाले बेहोर्नेछ र बिमाको रकम तथा अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(७) कर्तव्य पालनाको सिलसिलामा कुनै नगर प्रहरी कर्मचारीको दुर्घटना भई बिमा बापत प्राप्त हुने रकम निजले वा निजको हकवालाले पाउने नगर प्रहरी कर्मचारीको अधिकार हुनेछ।

२३. **मूल ऐनको दफा ३३ मा संशोधन:** मूल ऐनको दफा ३३ खारेज गरिएको छ।

२४. **मूलऐनको दफा ३४ मा संशोधन:** मूल ऐनको दफा ३४ खारेज गरिएको छ।

२५. **मूल ऐनको दफा ३५ मा संशोधन:** मूल ऐनको दफा ३५ खारेज गरिएको छ।

२६. **मूल ऐनको दफा ३६ मा संशोधन:** मूल ऐनको दफा ३६ खारेज गरिएको छ।

२७. **मूल ऐनको दफा ३७ मा संशोधन:** मूल ऐनको दफा ३७ खारेज गरिएको छ।

२८. **मूल ऐनको दफा ३९ मा संशोधन:** मूल ऐनको दफा ३९ खारेज गरिएको छ।

२९. **मूल ऐनको दफा ४२ मा संशोधन:** मूल ऐनको दफा ४२ को सट्टा देहाय बमोजिमको दफा ४२ राखिएको छ।

**देहाय:**

**"४२. सेवा करार सम्बन्धमा**: नगर प्रहरीको सेवा, सुविधा लगायतका विषय करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।**"**